# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

प.सं. २०७९/०८०
च.नं. 2838

मितिः २०७९/ १२ /२७

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
श्री सबै सामुदायिक सिकाइ केन्द्रहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

***विषय : शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धमा ।***

**"समयमै भर्ना, समयमै ज्ञान ,: गुणस्तरीय शिक्षा सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सवै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न सबै विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरुले तपसिल बमोजिम गरी शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्नुहुन सिद्धिचरण नगरपालिकाभित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरुलाई जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

१. व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई कार्यतालिकासहित विद्यार्थी भर्ना कार्यक्रम २०८० बैशाख महिनामा नै सञ्चालन गर्ने ।
२. भर्ना हुन आउने बालबालिकालाई तत्काल भर्ना गरी स्वागत गर्ने र निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।
३. विद्यार्थी भर्नाका लागि आफ्नो सेवा क्षेत्रभित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्ने । यसका लागि नजिकका एफ.एम.रेडियो, सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने ।
४. कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्रभित्र विद्यालय बाहिर रहेका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापहरुमा यथासम्भव परिचालन गर्ने ।
५. विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने ।
६. विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रमको प्रगति निरन्तर रुपमा नगरपालिकाको कार्यालयलाई जानकारी गराउने ।
७. प्रत्येक विद्यालयले एकजना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकि सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।
८. विद्यालयहरुले विद्यार्थी भर्ना गर्दा शिक्षा नियमावली, २०५९(संशोधनसहित) को परिच्छेद-१५ को नियम (७८), (८०),(८१),(८२),(८३) र (८४) तथा सिद्धिचरण नगरपालिकाको शिक्षा नियमावली, २०७५ को नियम (४३),(४७), (४८) र (४९) बमोजिमका प्रक्रियाहरुको पालना गर्ने ।
९. सामुदायिक सिकाइ केन्द्रहरुले आफ्नो सेवाक्षेत्रभित्र विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन, भर्नाको समय, स्थान र प्रक्रियाबारे प्रचारप्रसार, सञ्चार र समन्वय गर्ने ।

२०७९।१२।२६

फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
**श्री १२ वटै वडा कार्यालयहरु** : आवश्यक समन्वय र सहयोगका लागी ।
**श्री सूचना तथा प्रविधि शाखा** : पत्र वेव साइटमा अपलोड गर्नुहुन ।